मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal


पत्र संख्या: २०८२/०८३/स्वास्थ्य
Ref. No.: 2082/083/Health
चलानी नं:
Dispatch No.: 908

मिति:२०८२।०६।३०

विषयः परिपत्र सम्बन्धमा।

श्री वडा कार्यालयहरु सवै (१-६),
मकालु गाउँपालिका, संखुवासभा ।

प्रस्तुत विषयमा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८२/०५/०४ को निर्णयानुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका २०८० (पहिलो संशोधन २०८२) स्वीकृत भई कार्यान्वयनमा आएको अवगत नै छ । उक्त निर्देशिका अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रमका दावीहरुको रुजू तथा भुक्तानी व्यवस्थापन स्वास्थ्य बीमा बोर्डमार्फत गरिने भएको छ ।

विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका २०८० (पहिलो संशोधन २०८२) को दफा ४ को (क) मा विपन्न नागरिकहरुलाई ८ प्रकारका कडा रोग (मुटु रोग, क्यान्सर, मृगौला रोग, पर्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल रोग) हरुका लागि नेपाल सरकारले उपलब्ध गराईदै आएको औषधि उपचार सुविधा प्राप्त गर्न स्वास्थ्य बीमामा अनिवार्य विमित हुनुपर्ने व्यवस्था रहेकोले यस निर्देशिका वमोजिमको सेवा निरन्तरता तथा नयाँ सेवा लिनको लागि वडा कार्यालयवाट सिफारिस गर्दा स्वास्थ्य बीमा गरिएको व्यक्तिहरुलाई मात्र उक्त सेवाको लागि सिफारिस गर्नु हुन अनुरोध गरिन्छ । साथै सो सेवाको लागि कार्यालयवाट सिफारिस गर्दा विपन्न नागरिक औषधि उपचार कार्यक्रम संचालन निर्देशिका २०८० (पहिलो संशोधन २०८२) ले व्यवस्था गरिएको अनुसूची ४ प्रमाणित गरि सिफारिस साथ संलग्न गरि पठाउनु हुन समेत अनुरोध छ ।

पुनश्चः
स्वास्थ्य वीमामा आवद्धता नभएको व्यक्तिहरूलाई यो सेवा नेपाल सरकारले उपलब्ध गराउने छैन ।

२०८२/०६/३०
इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बोदार्थः
श्री सूचना प्रविधि शाखाः ईमेल तथा वेभसाइटमा अपलोडको लागि ।